DEKHA
Since 2003
Nature's gift for good health

Regd. No.: 14425/181/071/072
PAN No.: 602739146

# प्रेस विज्ञप्ती रुमोसेफ क्याप्सुल / तेल

सामान्य बोलीचालीको भाषामा 'वाथ' रोग भनी धेरै बिरामीहरु उपचारको निम्ति चिकित्सका पुग्दछन्। वातदोष विकृतिको कारण उत्पन्न हुने यी रोगहरु आयुर्वेदमा वातव्याधिको अन्तर्गत पर्दछन्। आधुनिक चिकित्सा विज्ञानसँग तुलना गर्दा Nervous System Disorder & Musculoskeletal Disorder हरु वातव्याधि अन्तर्गत पर्दछ। वृहदत्रयीमा ८० प्रकारका नानात्मक वातज व्याधिको निदान (Cause) , सम्प्राप्ति (Pathogenesis), लक्षण (Symptoms) र चिकित्सा (Treatment) को विस्तृत वर्णन पाइन्छ। वातप्रकोप आहार विहारको सेवन वा धातुक्षय वा मार्गवरोधको कारण वातप्रकुपित भई शरीरको विभिन्न स्थानमा अवस्थित भई त्यस स्थानमा लक्षणको उत्पत्ति गराउछ। सन्धिवात (Osteoarthritis) , आमवात (Rheumatrid arthritis) , वातरक्त (Gouty arthritis) मा, अस्थि धातुमा विकृति उत्पन्न हुनाले स्तम्भन (Stiffness) , शुल (Pain), रुक्षता (Dryness) , शोथ (Swelling), मांसलक्षय (Loss of Muscle Strength) , आदि लक्षण को उत्पन्न हुन्छ।

यस Dekha Herbals को Rhumosef Capsule विशेष गरि माथि उल्लेखित व्याधि शमन हेतु निर्माण गरिएको छ। यसमा प्रयुक्त शल्लकी, देवदारू , रास्ना, निर्गुण्डी आयुर्वेद अन्तर्गत वातशमक औषध द्रव्य हुन्। यी जडिबुटीले वेद्नास्थापना (Analgesic), शोथहर कार्य गर्ने हुनाले दुखाईको नाश गरि सन्धिगत जडता (Anti-inflammatory) हटाउछ (Provide free mobility of joints) । शुण्ठी, उत्तम आमपाचन हुनाले आमदोषको पाचन गर्ने र तीक्ष्णताको कारण स्रोतरोधको निवारण गर्ने हुनाले आमवातमा राम्रो हुन्छ। बला तगर नाडीबल्य (nervine tonic) हुनाले नाडी विकारलाई (Symtoms caused due to nerve's disorder) लाई शमन गर्छ। चित्रक शूलनाश (Analgesic) गर्ने सर्वोत्तम द्रव्य हो। अश्वगन्धा, समग्र शरीर को मंसपेशीलाई पोषण गर्छ। योगराज गुगुल शरीरको रस आदि धातुको क्रियालाई व्यवस्थित गरि शरीर स्निधता प्रदान गर्छ र नाडी क्रियामा सिधा प्रभाव पर्ने हुनाले वातब्यधिमा अति प्रभावकारी हुन्छ। प्रकुपित वातको कारण वातवाहिनी नाडी दुषित हुनाले शरीरमा देखिने वातजन्य शूल, शोथ भएमा संचित आम हटाएर भयङ्कर वेदनलाई पनि शिध्र नष्ट गर्न वातविध्वसन रस प्रयोग गरिन्छ। वातव्याधिमा पित्तज लक्षण जस्तै दाह (Burning sensation) आदि भएमा शीत गुणयुक्त प्रवाल पिष्टीको संमिश्रण निमूल गर्छ। प्रवाल पिष्टी, गोदन्ति भष्मको संमिश्रण अस्थिधातुको क्षय हुदा पोषण प्रदान गरि अस्थि धातुलाई बलियो बनाउछ। (Provide natural calcium & strengthen bones & cartilages) स्वर्णमाक्षिक भष्म जरा व्याधि नाशक हुनाले रसायनको कार्य गर्छ। विषतिन्दुक वटी नाडीबल्य र शोथहरु हुनाले वात व्यधिमा प्रयोग गरिन्छ। शिलाजितले सम्पूर्ण शरीरमा समग्र सबै धातुलाई स्वस्थ राखी धेरै पुरानो वातज रोगलाई पनि निर्मूल गर्न मद्धत गर्दछ।

आयुर्वेदमा उल्लेख अनुसार शोधन र मारण गरी निर्मित विभन्न खनिज औषद्य द्रव्य र काष्ठ द्रव्यको संमिश्रणबाट बनाइएको Rhumosef Capsule चिकित्सको सल्लाह बमोजिम उचित मात्रा र समय सम्म सेवन गर्नाले आमवात आदि वातरोग लागि अति प्रभावकारी औषध हो।

Head Office
Khumaltar Height, Lalitpur, Nepal
01-5523488 / +977-9840254596
dekhaherbals@gmail.com
dekha.com.np